

# प्राइम लाइफ इन्स्योरेन्स

## सुरक्षित भविष्य

प्राइमलाइफ इन्स्योरेन्स
कम्पनी लिमिटेड

## प्राइमलाइफ नै किन?

प्राइमलाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले नेपालीहरूलाई आधुनिक स्तरको प्रविधियुक्त जीवन बीमा सेवा प्रदान गर्न विधिवत रूपमा नियमनकारी निकायबाट बीमकको प्रमाणपत्र लिई व्यवसायिक कारोवार सञ्चालन गरिरहेको छ । बीमा समितिको मापदण्ड अनुसार सर्वसाधारणको लागि शेयर विक्री पश्चात् कम्पनीको अधिकृत तथा चुक्ता पूँजी रू. ३६ करोड कायम भएको छ । २०७० साल आषाढ सम्म अधिकृत तथा चुक्ता पूँजी रू. ५० करोड पुर्‍याइने छ । यसबाट कम्पनीको आर्थिक स्थिति अझ बढी सवल हुनेछ । उद्योग वाणिज्य क्षेत्रका प्रतिष्ठित समूहबाट प्रवर्द्धित भएकोले यस कम्पनीको आर्थिक पक्ष सदैव स्थिर रहने निश्चित छ । कम्पनीले ग्राहकको रूची अनुसार जीवन बीमाका उत्कृष्ट बीमा योजना जनसमक्ष प्रस्तुत गर्दै आएको छ । यस कम्पनीले जीवन बीमाका विज्ञहरूको सुझाव बमोजिम कुशल व्यवस्थापन र पारदर्शिताको सिद्धान्त अवलम्बन गरेको छ । आफ्ना अमुल्य ग्राहकहरूलाई अन्तर्राष्ट्रिय स्तरको ब्यवसायिक सेवा प्रदान गरी सन्तुष्ट पार्नु कम्पनीको एकमात्र लक्ष्य रहेको छ ।

# प्राइम लाइफ इन्स्योरेन्स

## सुरक्षित भविष्य

प्राइमलाइफ इन्स्योरेन्स
कम्पनी लिमिटेड



# कम्पनी परिचय

## परिचय

नेपालीहरुलाई आधुनिक स्तरको सुरक्षा मुखी जीवन बीमा सेवा प्रदान गरी जीवन बीमा शुल्क वापत संकलन भएको रकम देश विकासको महान कार्यमा लगानी गरी सामाजिक स्तर बृद्धि गर्ने उद्देश्यले कम्पनी ऐन २०६३ अन्तर्गत यस प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको स्थापना भएको छ। बीमा ऐन २०४९ बमोजिम बीमा समितिबाट जीवन बीमा व्यवसाय कारोवार गर्ने बीमकको प्रमाण पत्र लिई मिति २०६५/२/२२ देखि जीवन बीमाको कारोवार संचालन गर्दै आएको छ।

## पूँजी सँरचना

बीमा समितिले तोकेको मापदण्ड अनुसार यस कम्पनीको अधिकृत तथा जारी पूँजी रु. ३६ करोड मध्ये संस्थापकहरुबाट ७०% अर्थात रु. २५ करोड २० लाख चुक्ता भईसकेको छ। सर्वसाधारणलाई छुटाएको ३०% अर्थात रु. १० करोड ८० लाखको साधारण शेयर विक्री पश्चात् कम्पनीको अधिकृत तथा चुक्ता पुँजी रु. ३६ करोड भएको छ। कम्पनीलाई आर्थिक रुपमा अझ बढी सक्षम बनाउन २०७० साल आषाढ मसान्त सम्म कम्पनीको अधिकृत तथा चुक्ता पूँजी ५० करोड पुऱ्याइने छ।

## पुनर्वीमा

जीवन बीमा जोखिम व्यवसाय भएको हुँदा बीमा कम्पनीको जोखिम न्यूनीकरण गर्न पुनर्वीमाको आवश्यकता हुन्छ। भनिन्छ बीमा कम्पनीको सजिवता नै पुनर्वीमा हो। यस कम्पनीले आफ्नो दायित्वको न्यूनीकरण गरी कम्पनीलाई आर्थिक रुपले धेरै सक्षम तथा सवल बनाउन विश्वका पुनर्वीमा कम्पनीहरुमध्ये ५ औं स्थानमा रहेको फ्रान्सको स्कोर ग्लोवल लाइफ री संग पुनर्वीमा सम्बन्धी सम्झौता गरी पुनर्वीमा गरिरहेको छ। यसबाट कम्पनी आफ्नो दायित्व पुरा गरी आर्थिक स्तर मजबुत पार्न सफल हुने निश्चित छ।

## सफलताको झलक:

क) अधिकृत तथा चुक्ता पुँजी- **रु. ३६ करोड**
ख) जारी बीमा लेख संख्या - **१,८०,०००**
ग) बीमा शुल्क संकलन - **रु.४८ करोड ८५ लाख**
घ) कुल लगानी - **रु. ५० करोड**
घ) खुद मुनाफा - **रु. ५ करोड ६७ लाख ५० हजार** (आ.व. २०६५/०६६)



# अध्यक्षको मन्तव्य

नेपालमा जीवन बीमा व्यवसाय विकसित हुने क्रममा छ। जनसमुदायमा जीवन बीमा प्रति सचेतना बढेको पाइन्छ र धेरै भन्दा धेरै मानिसहरु जीवन बीमाले प्रदान गर्ने सेवाहरुप्रति दिन प्रतिदिन आकर्षित हुने क्रम जारी छ।

यस अवस्थामा प्राइमलाइफको सुरुवात साँच्चै नै सुखद छ। हामी प्रारम्भिक सफलताबाट उत्साहित भएका छौं र भविष्यमा अझ उत्तरदायी भई अर्थतन्त्रमा योगदान गर्ने जिम्मेवारी बोध गरेका छौं।

म हाम्रा सम्पूर्ण अमुल्य ग्राहकवर्ग, नियमनकारी निकाय, अभिकर्ता, शेयरधनी, व्यवस्थापन र कर्मचारी वर्गलाई प्राइमलाइफ इन्स्योरेन्स कम्पनीलाई प्रदान गरेको सेवा तथा सहयोग प्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु।

धन्यवाद।

**राजेन्द्र कुमार खेतान**
अध्यक्ष

# प्रमुख कार्यकारी अधिकृतको सन्देश

प्राइम लाइफ इन्स्योरेन्स कम्पनी नेपाली बीमा क्षेत्रको एक उदाउँदो कम्पनी हो। नेपालका प्रसिद्ध व्यवसायिक समूहद्धारा प्रवर्द्धित प्राइम लाइफले सञ्चालनको पहिलो बर्षमा नै ५ करोड ६७ लाख ५० हजार खूद नाफा आर्जन गर्न सफल भएको छ। जीवन बीमामा क्रमिक बृद्धि र बैदेशिक रोजगार व्यवसाय कारोवारमा अग्रणी यस कम्पनीको भविष्य अझ सुनौलो देखिन्छ। विविध सेवा लगायत प्राइम लाइफले आफ्ना ग्राहकहरुलाई निम्न तीन महत्वपूर्ण लाभहरु प्रदान गरेको छ :

- **आर्थिक बचत**
- **जीवन सुरक्षा**
- **कर लाभ**

अहिलेसम्म प्राइमलाइफले ४४ शाखा कार्यालय तथा विक्री केन्द्र स्थापना गरी देश भर जीवन बीमा सेवा प्रदान गरिरहेको छ र आगामी १८ महिना भित्र मुलुकका विभिन्न थप ४२ स्थानमा आफ्ना शाखा तथा विक्री केन्द्र स्थापना गर्ने लक्ष्य राखेको छ। साथै कम्पनीले व्यापक जनचेतना जगाउन प्रचार प्रसार अभियान सञ्चालन गर्दै आएको छ। अभिकर्ता र कर्मचारी वर्ग बीच सहकार्य बढाउँदै प्राइमलाइफले उपलब्धिको अद्धितिय कोसेढुंगा पार गर्ने लक्ष्य राखेको छ।

यस प्राइमलाइफले अन्तराष्ट्रिय स्तरको कम्प्युटर सफ्टवेरको माध्यमबाट आफ्ना ग्राहकहरुलाई जीवन बीमा सम्वन्धि सेवा प्रदान गर्दै आएको छ। यस कम्पनीले अवलम्वन गरेको संस्थागत सुशासन तथा कुशल व्यवस्थापनको फलस्वरुप आफ्नो व्यवसायिक लक्ष हासिल गर्न सफल भएको छ।

कम्पनीको आर्थिक स्थितिलाई अझ बढी मजबुत बनाउन हालको अधिकृत तथा चुक्ता पुँजीलाई २०७० साल असाढ मसान्त सम्म रु. ५० करोड पुऱ्याइने छ।

**रेस्टा झा**
प्रमुख कार्यकारी अधिकृत
प्राइमलाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड



जीवन बीमामा क्रमिक बृद्धि र वैदेशिक रोजगार व्यवसाय कारोवारमा अग्रणी यस कम्पनीको भविष्य अझ सुनौलो देखिन्छ ।

- **रेस्टा झा**, प्रमुख कार्यकारी अधिकृत

# प्राइम लाइफका सेवाहरू

प्रत्येक व्यक्तिका बीमा आवश्यकता र चाहनाहरू एक अर्कामा फरक-फरक हुन्छन् । प्राइमलाइफमा हामी यी सबै कुराहरूको गहन अध्ययन पश्चात् हाम्रा सेवाहरू कुन लिंदा ग्राहकलाई उपयुक्त तथा आर्थिक रूपमा सबल हुन्छ त्यसै अनुसार उहाँहरूलाई मिल्दो बीमा सेवा छान्न सुझाव दिन्छौं ।

**कम्पनीले प्रस्तुत गरेका जीवन बीमा योजनाहरू:**

- प्राइम सरल जीवन बीमा
- प्राइम धनसागर जीवन बीमा (१५ वर्षे)
- प्राइम धनसागर जीवन बीमा (२० वर्षे)
- प्राइम स्वर्णीम जीवन बीमा
- प्राइम जीवन सुरक्षा (सावधिक तथा आजिवन)
- प्राइम कर्जा सुरक्षण जीवन बीमा
- प्राइम बैदेशिक रोजगार (म्यादी) जीवन बीमा





# प्राइम सरल जीवन बीमा योजना

यस बीमा योजना अन्तर्गत आफ्नो जीवन बीमा गरी आफ्नो आम्दानीको केही अंश जीवन बीमा शुल्क वापत बीमकलाई तिरी बृद्धावस्थाको लागि अनिवार्य बचत गर्नु हो। यसरी बीमा अवधिभर किस्ता बन्दीमा जम्मा गरेको रकम बीमा अवधिको समाप्तीमा बोनस सहित एकमुष्ट बीमितलाई प्राप्त हुन्छ। यसबाट आफ्नो तथा परिवारको जीवन यापन गर्न सुविधा हुन्छ। बीमा अवधि भित्र बीमा लेख चालुरहेको अवस्थामा अप्रिय घटना घटेमा बीमालेखमा इच्छ्याएको व्यक्ति वा सो नभएमा बीमा ऐन २०४९ को दफा ३८ बमोजिम बीमितका नजिकको कानूनी हकवालालाई बीमा रकम (विमांक) र नियमानुसारको समानुपातिक बोनस एक मुष्ट प्राप्त हुन्छ।

## जीवन बीमा योजनाका उद्देश्यहरु

क) बृद्धवस्थाको लागि आर्थिक बचत गर्ने
ख) आफ्नो परिवारको लागि आर्थिक सुरक्षा प्रदान गर्ने
ग) नियमानुसार आयकरमा छुट पाइने

## ऐच्छिक सुविधाको व्यवस्था

ग्राहकहरुको मागलाई मध्य नजर दिई यस योजनामा निम्नानुसारका ऐच्छिक सुविधाहरु समावेश गरी जीवन बीमाबाट अझ बढी फाइदा लिन सकिन्छ ।

**क) दोहोरो दुर्घटना लाभ :**

जीवन बीमाको मूल बीमांक वा रु. ५ लाख मध्ये जुन कम हुन्छ सो वरावरको दुर्घटना लाभ लिन सकिन्छ । दुर्घटनाबाट बीमितको मृत्यु भएमा बीमांक रकम बराबरको रकम तथा नियमानुसारको बोनस बीमितले बीमा लेखमा इच्छाएको व्यक्ति वा निजको कानूनी हकवालालाई एक मुष्ठ प्रदान गरिन्छ ।

**ख) बीमा शुल्क छुट तथा स्थायी अंगभंग सुविधा:**

बीमितको दुर्घटनाको कारण स्थायी अंगभंग भई भविष्यमा कुनै आय आर्जन गर्न नसक्ने भएमा बीमा लेख अन्तर्गतको बीमा शुल्क तिर्न छुट प्रदान गरिन्छ र बीमा लेख बीमा शुल्क तिरे सरह चालु भएको मानिन्छ । साथै दुर्घटनाको कारण बीमित पूर्ण रुपमा स्थायी अंगभंग भएमा बीमांकको १२० भाग को एक भाग प्रत्येक महिनाको अन्तमा भुक्तानी गरिन्छ ।

## विषेशताहरु

यस योजनामा १६ बर्ष देखि ६० बर्ष सम्मका जीवन बीमाको लागि योग्य कुनै पनि महिला तथा पुरुषले आफ्नो क्षमता अनुसारको जीवन बीमा गरी यस कम्पनीबाट आधुनिक स्तरको जीवन बीमा सेवा उपभोग गर्न सकिन्छ ।

यस योजना अन्तर्गत जीवन बीमा गर्दा आय आर्जन गर्ने व्यक्तिको अभावमा पनि बीमितका आश्रित परिवारको आर्थिक स्थिति सवल भई सामाजिक प्रतिष्ठा कायम राख्न सहयोग मिल्छ ।

यो जीवन बीमा योजना सुरक्षा तथा बचत मूखी दीर्घकालिन लाभदायक आर्थिक योजना हो ।

यस योजना अन्तर्गत जीवन बीमा गरी आफू र आफ्ना परिवारको उज्जवल भविष्यको सपना साकार पार्न सकिन्छ ।

## प्राइम सरल जीवन बीमा

**बीमा शुल्क दर तालिका प्रति हजार बीमाङ्कमा**

| | अवधि | | | |
|---|---|---|---|---|
| उमेर | ५ | १० | १५ | २० |
| २२ | २११.४६ | १०५.७७ | ६८.१९ | ४९.४७ |
| २६ | २११.४७ | १०५.८१ | ६८.२८ | ४९.६३ |
| ३० | २११.५३ | १०५.९४ | ६८.४९ | ४९.९६ |
| ३४ | २११.७१ | १०६.२२ | ६८.९० | ५०.५७ |
| ३८ | २११.९८ | १०६.६८ | ६९.६२ | ५१.६० |
| ४२ | २१२.४९ | १०७.५४ | ७०.८५ | ५३.२७ |



# प्राइम धनसागर जीवन बीमा योजना

**(१५ र २० वर्ष अवधिको लागि)**

**मानिसले बैक तथा वित्तिय संस्थामा जम्मा गरेको र कम ईच्छाधीन हुने र सुखमय भविष्यको परिकल्पना पुरा नहुने भएको हुँदा ग्राहकहरुको रुचीलाई मध्यनजर दिई दीर्घकालिन सुरक्षा तथा वचतमुखी "प्राइम धन सागर जीवन बीमा योजना" प्रस्तुत गरेको छ ।**

## योजनाका उद्धेश्यहरू

क) बृद्धावस्थाको लागि आर्थिक बचत
ख) परिवारको लागि आर्थिक सुरक्षा
ग) नियमानुसार आयकरमा छुट

## योजनाका विशेषताहरू

**१५ वर्षे योजना:** यस योजना अन्तर्गत १५ बर्ष अवधिको लागि जीवन बीमा गर्दा प्रत्येक ५ बर्षमा बीमाङ्क (बीमा गरेको रकम) को २५% का दरले २ किस्ता भुक्तानी पाइन्छ र बीमा समाप्ती मितिमा ५०% बीमाङ्क र पुरा बीमा अवधिको नियम अनुसारको बोनस एक मुष्ट प्राप्त हुन्छ । यस योजनाबाट प्रत्येक ५ बर्षमा २५% का दरले बीमाङ्कको ५०% प्राप्त गरी सकेपछि पनि बीमाको समाप्तीमा मुल बीमाङ्कको ५०% र पुरा बीमा अवधिमा मुल बीमाङ्कले आर्जन गरेको बोनस समेत एक मुष्ट प्राप्त हुन्छ ।

यदी बीमाङ्कको २५% का दरले ५/५ बर्षमा दुई किस्ता लिई सकेपछि पनि बीमितको जीवन सम्वन्धमा कुनै अप्रिय घटना घटेमा सत प्रतिशत बीमाङ्क र नियमानुसारको बोनस बीमितले बीमा लेखमा इच्छाएको व्यक्ति वा सो नभएमा बीमा ऐन २०४९ को दफा ३८ को व्यवस्था अनुसारको कानुनी हकवालाले एक मुष्ट प्राप्त गर्दछ ।

**२० वर्षे योजना:** यस योजना अन्तर्गत २० बर्ष अवधिको लागि जीवन बीमा गर्दा प्रत्येक ५ बर्षमा बीमाङ्क (बीमा गरेको रकम) को २५% का दरले ३ किस्ता भुक्तानी पाइन्छ र बीमा समाप्ती मितिमा ४०% बीमाङ्क र पुरा बीमा अवधिको नियम अनुसारको बोनस एक मुष्ट प्राप्त हुन्छ । यस योजनाबाट प्रत्येक ५ बर्षमा २५% का दरले बीमाङ्को ७५% प्राप्त गरी सकेपछि पनि बीमाको समाप्तीमा मुल बीमाङ्कको ४०% र पुरा बीमा अवधिमा मुल बीमाङ्कले आर्जन गरेको बोनस समेत एक मुष्ट प्राप्त हुन्छ । अन्य योजनामा भन्दा यस योजनाबाट १५% बढी लाभ हुन्छ । यदि बीमाङ्कको २५% का दरले ५/५ बर्षमा तीन किस्ता लिई सकेपछि पनि बीमितको जीवन सम्वन्धमा कुनै अप्रिय घटना घटेमा सत प्रतिशत बीमाङ्क र नियमानुसारको बोनस बीमितले बीमा लेखमा इच्छाएको व्यक्ति वा सो नभएमा बीमा ऐन २०४९ को दफा ३८ को व्यवस्था अनुसारको कानुनी हकवालाले एक मुष्ट प्राप्त गर्दछ ।

## ऐच्छिक सुविधाको व्यवस्था

समय सापेक्षिक तरिकाले आफ्ना ग्राहकहरुलाई थप सुविधा प्रदान गर्ने कम्पनीको नीति अनुरुप जनआकांक्षा अनुसार बीमितको दुर्घटनाको कारणबाट मृत्यु भएमा दुर्घटना लाभ र अंग भंग भएमा बीमा शुल्क छुट तथा मासिक आय सुविधा बीमाङ्कको आधारमा बढीमा रु. ५ लाख सम्मको आकर्षक थप सुविधा बीमित वा बीमितको हकवालाले पाउने व्यवस्था गरेको छ । यस योजनाबाट समय/समयमा प्राप्त हुने रकमले मुद्रास्फितिको प्रभाव न्यून गर्न तथा सानोतिनो व्यवसाय संचालनमा सहयोग गर्दछ । साथै आफू र आफ्नो परिवारको भविष्यको लागि आर्थिक बचत हुने र बीमा अवधि भित्र बीमितको मृत्यु भएमा परिवारलाई आर्थिक राहत हुने भएकोले यस कम्पनीले प्रस्तुत गरेको प्राइम धनसागर जीवन बीमा सामाजिक कल्याणकारी आर्थिक योजना सावित भएको छ ।

१६ बर्ष पुरा भएका र ६० बर्ष उमेर सम्मका बीमाको लागि योग्य कुनै पनि महिला तथा पुरुषले आफ्नो आर्थिक क्षमता अनुसार यस कम्पनीबाट समयमै जीवन बीमा गरी आफ्नो तथा आफ्ना परिवारको सुखमय जीवनका लागि सुरक्षित तथा ढुक्क हुन सकिन्छ ।

## प्राइम धनसागर जीवन बीमा

**बीमा शुल्क दर तालिका प्रति हजार बीमाङ्कमा**
**१५/२० वर्षका लागि**

| उमेर | अवधि | |
|---|---|---|
| | १५ | २० |
| २२ | ८२.८७ | ७२.७५ |
| २६ | ८२.९४ | ७३.०५ |
| ३० | ८३.१६ | ७३.६४ |
| ३४ | ८३.७३ | ७४.६४ |
| ३८ | ८४.८५ | ७६.३१ |
| ४२ | ८६.६४ | ७८.८२ |

# प्राइम स्वर्णिम जीवन बीमा योजना



**तत्तर छौ सेवा गर्न हामी**
**बाल-बालिकाहरुको सुनौलो भविष्यका लागि**

सफलताको एक मात्र आधार हो - शिक्षा। पारिवारिक संस्कारको एउटा महत्वपूर्ण पक्ष हो - विवाह। शिक्षा र विवाह दुबै महत्वपूर्ण आयाम हुन्, जीवनका। हिजो जस्तो सजिलो र कम खर्चिलो छैन- शिक्षा र विवाह। जीवनका यी दुबै महत्वपूर्ण कामका लागि एउटा ठूलो रकमको आवश्यकता पर्छ र यसका लागि अभिभावकले बेलैमा योजना बनायो भने यी कामहरु उत्सवमा रुपान्तरित हुन्छन्। प्राइमलाइफ स्वर्णिम बीमा यस्तै बेलैमा सोंच्नुपर्ने योजना हो। यसले तपाईंका छोराछोरी लाई सोंचेजस्तो उच्चशिक्षा हासिल गर्न, व्यवसायिक जीवनको सुरुवात गर्न र विवाह गर्न सजिलोसंग खर्चको व्यवस्था गर्छ।

## प्राइम स्वर्णिम बीमा

**बीमा शुल्क दर तालिका प्रति हजार बीमाङ्कमा**

| उमेर | अवधि | | |
|---|---|---|---|
| | १० | १५ | २० |
| ० | १०५.७० | ६८.०९ | ४९.३१ |
| २ | १०५.७१ | ६८.१० | ४९.३३ |
| ४ | १०५.७३ | ६८.१२ | ४९.३४ |
| ६ | १०५.७३ | ६८.१३ | ४९.३५ |
| ८ | १०५.७४ | ६८.१४ | ४९.३६ |
| १० | १०५.७६ | ६८.१५ | ४९.३७ |
| १२ | १०५.७६ | ६८.१६ | |
| १५ | १०५.७७ | ६८.१७ | |

## विषेशताहरू

कुनै पनि अभिभावकले आफ्ना छोराछोरीहरुको स्वर्णिम बीमा गर्न सक्नु हुन्छ। आफ्नो योजना तथा आवश्यकता अनुसारको बीमा योजना छनोट गरी न्यूनतम १० वर्ष देखी अधिकतम ३० वर्ष सम्मको बीमा अवधि र आफ्नो सुविधा अनुसारको बीमा शुल्क भुक्तानी अवधि रोज्न सकिन्छ।

## फाइदाहरू

- शिक्षा, व्यवसायिक जीवनको शुरुवात र विवाहको बेला चाहेको रकम उपलब्ध भई आर्थिक सुरक्षा हुने।
- अभिभावकको असामयिक निधन वा शारीरिक असक्षमताले पनि छोरा/छोरीको जीवनका महत्वपुर्ण कामहरु नरोकिने र आयकर छुटको सुविधा उपयोग गर्न सकिने।
- बीमालेख अन्तर्गत मृत्यु जोखिम प्रारम्भ भए पश्चात् बीमितको मृत्यु भएमा बीमांक रकम तथा आर्जित बोनस एकमुष्ट भुक्तानी गरीने।

## अन्य सुविधाहरू

**बीमा शुल्क छुट सुविधाः** न्यून अतिरिक्त शुल्क तिरी यो सुविधा लिएमा बीमा अवधिमा अभिभावक (प्रस्तावकको) मृत्यु भएमा वा दुर्घटनाको कारणले शारीरिक असक्तता पश्चात्को बीमा शुल्क तिर्ने मिति देखि बीमा अवधि समाप्त नभए सम्म बीमा शुल्क छुट प्रदान गरिन्छ।

**मासिक आम्दानी सुविधाः** न्यून अतिरिक्त शुल्क तिरेर यो सुविधा लिएमा बीमा अवधिमा अभिभावक (प्रस्तावक) को मृत्यु भएमा मृत्यु पश्चातको पहिलो बीमा शुल्क तिर्ने मिति देखि बीमा अवधि समाप्त नभए सम्म वा बीमित १६ वर्ष नपुगे सम्म मध्ये जुन पहिला हुन्छ सो अवधि सम्म बीमांकको १% रकम मासिक रुपमा भुक्तानी गरिने छ।



# प्राइम जीवन सुरक्षा जीवन बीमा योजना

## बाँचुञ्जेल आफूलाई त्यसपछि परिवारलाई

**प्राइमलाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले ग्राहकहरुको चाहना बमोजिम प्राइम जीवन सुरक्षा (सावधिक तथा आजीवन) बीमा योजना प्रस्तुत गरेको छ। यस योजना अनुसार बीमा अवधिको समाप्तीमा बीमांक रकम र सो अवधिमा आर्जन भएको बोनस रकम समेत एकमुष्ट भुक्तानी पाइने छ। त्यस पछि कुनै पनि बीमा शुल्क तिर्नु नपर्ने गरी बीमांक बराबरको थप मृत्यु जोखिम जीवन भर निःशुल्क कम्पनीले बहन गर्दछ। यसको लागि बीमा अवधि भरको पुरा बीमा शुल्क भुक्तानी गरेको हुनु पर्दछ।**

### बीमा योजनाका विशेषताहरु

क) बीमा समाप्त हुने मिति सम्म बीमित जीवित रहेमा बीमांक र नियमानुसारको आर्जित बोनस एक मुष्ट भुक्तानी दिने।

ख) बीमा समाप्त हुनु भन्दा अगाडि बीमा लेख चालु रहेको अवस्थामा बीमितको मृत्यु भएमा बीमांक र नियमानुसारको आर्जित बोनस बीमा लेखमा इच्छाएको व्यक्ति वा सो नभएमा बीमा ऐन २०४९ को दफा ३८ अनुसार बीमितको आश्रित व्यक्ति वा बीमा लेख उपर कानूनी अधिकार भएको प्रमाणित गर्न सक्ने अन्य व्यक्तिलाई एक मुष्ट भुक्तानी दिने।

ग) बीमा शुल्क भुक्तानी अवधिको पुरा बीमा शुल्क तिरेमा बीमा अवधि समाप्त भए पश्चात कुनै पनि समयमा बीमितको मृत्यु भएमा पुरा बीमाङ्क रकम पुनः भुक्तानी प्रदान गर्ने।

### प्राइमलाइफ जीवन सुरक्षा

**बीमा शुल्क दर तालिका** (प्रति हजार बीमाङ्कमा)

| उमेर | बीमा अवधि | | | |
|---|---|---|---|---|
| | ५ | १० | १५ | २० |
| २२ | २३४.९९ | ११७.६५ | ७५.९५ | ५५.१३ |
| २६ | २३९.७० | १२०.२६ | ७७.८१ | ५६.६० |
| ३० | २४५.३४ | १२३.३८ | ८०.०१ | ५८.२८ |
| ३४ | २५२.०३ | १२७.०६ | ८२.५३ | ६०.२१ |
| ३८ | २५९.८३ | १३१.२० | ८५.३५ | ६२.३९ |
| ४२ | २६८.६५ | १३५.८६ | ८५.५५ | ६४.९१ |

### ऐच्छिक सुविधाको व्यवस्था

क) सामान्य बीमा शुल्कमा नगन्य थप बीमा शुल्क तिरी यो सुविधा बीमा लेखमा समावेश गर्न सकिन्छ। यो सुविधा लिएमा बीमा अवधि भित्र बीमा लेख चालु रहेको अवस्थामा बीमितको दुर्घटनाको कारणबाट मृत्यु भएमा बीमा लेखको अनुसूचीमा उल्लेख भएको बीमाङ्क वा रु. ५,००,०००/- मध्ये जुन कम हुन्छ सो रकम दुर्घटना सुविधा वापत प्रदान गरिन्छ।

ख) बीमा लेख अन्तर्गतको सम्पूर्ण बीमा शुल्क भुक्तानी गरेमा बीमा अवधि समाप्त भए पछि बीमितको उमेर ७० वर्ष नपुगे सम्म निःशुल्क दुर्घटना सुविधा समेत प्रदान गरिन्छ।



# प्राइम कर्जा सुरक्षण जीवन बीमा योजना

**बैंक तथा बित्तिय संस्थाका ऋणीको मृत्युबाट आश्रित परिवारमा पर्ने आर्थिक भारलाई न्यूनीकरण गरी सुरक्षित राख्ने उद्धेश्यले यस कम्पनीले प्राइम कर्जा सुरक्षण जीवन बीमा योजना प्रस्तुत गरेको छ।**

## बीमा योजनाका फाइदाहरू

क) यस योजना अन्तर्गत बीमा गरी बीमालेख चालु रहेको अवस्थामा ऋणीको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही बीमित र कर्जादाता बिच भएको करार बमोजिम कर्जादातालाई तिर्न बाँकी नियमित किस्ता रकम र सो को व्याज यस कम्पनीले भुक्तानी गर्ने।

ख) कर्जादाताले कर्जा सुरक्षणको लागि ऋणीबाट लिएको अचल सम्पत्तीको धितो लिलाम बिक्री गरी कर्जा र सो को व्याज असुल गर्ने झन्झट गर्नु नपर्ने।

ग) ऋणीको परिवारको चल/अचल सम्पत्तीको धितो बन्धकमा बैंक तथा बित्तिय संस्थाबाट लिएको कर्जाको नियमित तिर्न बाँकी किस्ता र सो को व्याज तिर्नु नपर्ने।

घ) परिवारको मुख्य व्यक्तिको मृत्युबाट परिवारमा आर्थिक भार नपर्ने।

## यस योजनाका अन्य विशेषताहरू

२० वर्षदेखि ५५ वर्ष सम्मका ब्यक्तिले न्यूनतम रु. १ लाख र सो भन्दा बढी कर्जा लिएमा न्यूनतम ५ देखि १० वर्षसम्म अवधिको लागि एकल वा वार्षिक बीमा शुल्क तिर्नेगरी यस कम्पनीबाट जीवन बीमा गरी बैंक तथा वित्तिय संस्थाबाट लिएको कर्जा सुरक्षण जीवन बीमा गर्न सकिन्छ।

## प्राइमलाइफ कर्जा सुरक्षण जीवन बीमा

**एकल बीमा शुल्क तालिका** (प्रति हजार बीमाङ्कमा)
Single Premium per NPR. 1000/- for Interest rate over 10% & up to 15% P. A

| उमेर | बीमा अवधि | | | |
|---|---|---|---|---|
| | ५ | १० | १५ | २० |
| २२ | १८.४३ | ३०.३९ | ४०.५४ | ४९.५५ |
| २६ | १८.४३ | ३०.३९ | ४०.९३ | ५१.२१ |
| ३० | १८.४३ | ३०.७२ | ४०.६२ | ५५.६३ |
| ३४ | १८.७५ | ३२.५७ | ४७.४८ | ६५.१५ |
| ३८ | २०.५६ | ३७.६५ | ५७.८० | ७१.९८ |
| ४२ | २४.१९ | ४७.१७ | ७५.१३ | |

**बार्षिक बीमा शुल्क तालिका** (प्रति हजार बीमाङ्कमा)
Annual Premium per NPR. 1000/- for Interest rate over 10% & up to 15% P. A

| उमेर | अवधि | | | |
|---|---|---|---|---|
| | ५ | १० | १५ | २० |
| | बीमा शुल्क तिर्ने अवधि | | | |
| | ३ | ६ | १० | १३ |
| २२ | ६.४२ | ५.६९ | ५.०० | ५.०० |
| २६ | ६.४२ | ५.६९ | ५.०५ | ५.२० |
| ३० | ६.४२ | ५.७५ | ५.२६ | ५.६५ |
| ३४ | ६.५३ | ६.१० | ५.८६ | ६.६३ |
| ३८ | ७.१६ | ७.०६ | ७.१६ | ८.४३ |
| ४२ | ८.४४ | ८.८७ | ९.३८ | |



# प्राइम वैदेशिक रोजगार जीवन बीमा योजना

**वैदेशिक रोजगारका निमित्त विदेश जानेहरुका लागि बीमाङ्क रकम रु. ५,००,०००/-**

नेपाली अर्थतन्त्रलाई बैदेशिक रोजगारले महत्वपूर्ण टेवा दिएको छ। यस सामान्य रोजगारबाट आउनसक्ने असामान्य परिस्थितिहरुलाई मध्यनजर राखेर हामीले प्राइमलाइफ वैदेशिक रोजगार (म्यादी) जीवन बीमा योजना प्रस्तुत गरेका छौं। विदेशमा बस्दा वा काम गर्दा कुनै पनि कारणले बीमितको मृत्यु वा स्थायी अंगभंग भएमा आर्थिक सुरक्षा प्रदान गर्नु तथा आश्रित परिवारलाई आर्थिक राहत प्रदान गर्नसक्नु नै यस जीवन बीमाको मुख्य उद्देश्य हो। वैदेशिक रोजगारमा जाँदा चाहिने रकामको जोहो गर्दा हुने कठिनाइलाई ध्यानमा राख्दै हामीले यसको बीमा शुल्क एकदमै कम निर्धारण गरी बीमा सुविधा प्रदान गरेका छौं।

## विशेषताहरू

यस योजना अन्तर्गत १८ वर्ष उमेर पुगेका र ५५ वर्ष उमेर सम्मका नेपालीहरुले १ वर्ष देखि ५ वर्षसम्मको अवधिको लागि रु ५ लाखको जीवन बीमा गर्न पाउने ब्यवस्था गरिएको छ।

**योजनाको एकल बीमाशुल्क तालिका**

| उमेर | अवधि | | | | |
|---|---|---|---|---|---|
| | १ वर्ष | २ वर्ष | ३ वर्ष | ४ वर्ष | ५ वर्ष |
| १८–४० | १,१०५ | १,९७० | २,८३५ | ३,७०० | ४,५६५ |
| ४१–४५ | १,९३५ | ३,६३५ | ५,४०० | ७,२५० | ९,१८० |
| ४६–५० | २,९३० | ५,६४० | ८,४९० | ११,४७० | १४,५८५ |
| ५१–५५ | ४,६६५ | ९,०३५ | १३,५६५ | १८,२२५ | २२,९९५ |

## भुक्तानी पाउने अवस्थाहरू

१. बीमा अवधि भित्र बीमितको बिदेशमा मृत्यु भएमा पुरै बीमांक रु.५,००,०००/- भुक्तानी दिइने छ।

२. कुनै पनि कारणले घटना घटेको मितिको १२० दिनभित्र, बीमितलाई देहायको मध्ये कुनै एउटा पूर्ण र स्थायी क्षति भएमा, देहाय बमोजिमको रकम भुक्तानी गरिने छ।

दुबै हात वा दुबै खुट्टा वा दुबै आँखाको ज्योति गुमे मा : **बीमांकको १००%**
एउटा हात र एउटा खुट्टा गुमेमा : **बीमांकको १००%**
एउटा हात वा एउटा खुट्टा र एउटा आँखाको ज्योति गुमेमा : **बीमांकको १००%**
दुबै कानको श्रवण शक्ति गुमेमा: **बीमांकको ५०%**
कुनै एउटा हात वा खुट्टा गुमेमा: **बीमांकको ५०%**
एउटा आँखाको ज्योति गुमेमा: **बीमांकको ५०%**

३) बीमितको बिदेशमा मृत्यु भएको अवस्थामा शव स्वदेश फिर्ता ल्याउँदा भएको वास्तविक खर्च (रु. ५०,०००/- मा नबढ्ने गरी) प्रदान गरिनेछ।

# प्राइमलाइफका शाखाहरू



# हाम्रा शाखा तथा विक्री केन्द्रहरू

**प्रधान कार्यालय : सुन्दर भवन, हात्तिसार, काठमाडौं**

## शाखा कार्यालय

| क्रसं. | शाखा | सम्पर्क व्यक्ति | फोन |
|---|---|---|---|
| १ | विर्तामोड | नारायण ओझा | ०२३-५४१३२४ |
| २ | बनेपा | मोहन विक्रम के.सी. | ०११-६६०९७३ |
| ३ | सुर्खेत | दिनेश खड्का | ०८३-५२४२८३ |
| ४ | नारायणघाट | प्रमोद मण्डल | ०५६-५३३५८० |
| ५ | पोखरा | शिव प्रसाद पौडेल | ०६१ -५२६२२६ |
| ६ | विराटनगर | पुष्कर भट्टराई | ०२१ -४४०४१५ |
| ७ | बुटवल | कृष्ण बन्जाडे | ०७१ -५४६९६६ |
| ८ | तुलसीपुर | सम्राट डि.सी. | ०८२ -५२२७७६ |
| ९ | धनगढी | मोती विक्रम श्रेष्ठ | ०९१ -५२७०३६ |
| १० | लाहान | रामबाबु सिंह | ०३३ -५६०८७७ |
| ११ | काठमाडौं | रामचन्द्र बन्जाडे | ०१ -४४४१७७८ |
| १२ | नेपालगञ्ज | केशव खड्का | ०८१ -५२७७६९ |
| १३ | धरान | भुवन राई | ०२५ -५३३१३९ |
| १४ | जनकपुर | अमर कुमार साह | ०४१ -५२१४४५ |
| १५ | वीरगञ्ज | सूर्य प्रकाश गुप्ता | ०५१ -५२३३१० |
| १६ | हेटौंडा | गणेश चौलागाई | ०५७ -५२७१७५ |
| १७ | इटहरी | लाक्पा शेर्पा | ०२५ -५८७२१३ |
| १८ | महेन्द्रनगर | किसन सिंह हमाल | ०९९ -५२०१३४ |
| १९ | सूर्यविनायक | सुवास बासु | ०१ -६६१३७६७ |

## विक्री केन्द्र

| क्रसं. | शाखा | सम्पर्क व्यक्ति | फोन |
|---|---|---|---|
| १ | इलाम | नरेन्द्र बुढाथोकी | ९७४२६१४३०५ |
| २ | दमक | ओमनाथ ढुंगेल | ९८४१९६५४७५ |
| ३ | चरिकोट | नारायण रेग्मी | ०४९-४२१८२६ |
| ४ | बाह्रबीसे | सुशिल थापा | ९८४१७३८८०६ |
| ५ | पर्सा | अशोकराज अधिकारी | ९८४५०८२७५४ |
| ६ | दमौली | भिम सिंह | ९८५६०२९५६२ |
| ७ | वालिङ | चिरञ्जिवी पौडेल | ९८४६०५२१९३ |
| ८ | इनरुवा | सूर्य काफ्ले | ०२५-५६०५९९ |
| ९ | गौरीगञ्ज | भिम राजवंशी | ९८५२०२४६८२ |
| १० | उर्लावारी | कमल भट्टराई | ९८४२०६६३७० |
| ११ | तौलिहवा | कृष्ण बन्जाडे | ९८५७०२९०८८ |
| १२ | गुल्मी | पिताम्वर पाण्डे | ९८४७१६५९१७ |
| १३ | दिपायल | देबीलाल शर्मा | ९८४८४२३९४३ |
| १४ | उदयपुर | हरि खड्का | ०३५-४२०९५१ |
| १५ | नुवाकोट | विष्णु प्रसाद सापकोटा | ०१०-५६१७११ |
| १६ | गोरखा | विमल ढकाल | ९८४१२८९७६४ |
| १७ | तेह्रथुम | भिम बहादुर खापुङ | ०२६-४६०७०४ |
| १८ | भोजपुर | हेमन्त राई | ९८४१८१२३३१ |
| १९ | बर्दिवास | प्रमोद कुमार झा | ०४४-५५५६३० |
| २० | चन्द्रनिगाहपुर | सिकिन्दर राय यादव | ०५५-५४०७४१ |
| २१ | लालवन्दी | प्रशान्त कुमार दत्त | ९८४१००१०९८ |
| २२ | दामन | अनित कुमार खत्री | ९८४५०७२२०६ |
| २३ | मनहरी | महेश्वर श्रेष्ठ | ९८४५१२५९१७ |
| २४ | डडेलधुरा | राजेन्द्र प्रसाद पाण्डे | ९७४९५००७३३ |
| २५ | दार्चुला | कमलापती भट्ट | ९७५९५००१३६ |

# व्यावसायिक सुशासन

यस कम्पनीले आफ्ना बीमितहरूलाई आधुनिक स्तरको जीवन बीमा सेवा प्रदान गर्न व्यवसायिक सुशासन, पारदर्शिता जस्ता सर्वमान्य नीति अवलम्बन गरेको छ । कारोबार संचालनको छोटो अवधिमा नै जीवन बीमा उद्योगमा अतुलनिय प्रगती गर्न कम्पनी सफल भएको छ । जीवन बीमा व्यवसाय प्रतिस्पर्धी तथा चुनौतीपूर्ण भएको हुँदा त्यस्ता चुनौतीलाई सहज रूपमा लिई कम्पनीले आफ्नो व्यवसायिक लक्ष हासिलगर्न निम्न कार्य समितिको व्यवस्था गरेको छ ।

## लेखा परीक्षण समिति

यस कम्पनीका संचालकहरु मध्ये बाट तीन जना सदस्यहरु रहने गरी एक लेखा परीक्षण समितिको व्यवस्था गरेको छ। यस समितिले प्रचलित नीति नियमहरुको आधारमा व्यवस्थापन समूहबाट भए गरेका दैनिक कारोबारको अवलोकन गर्ने र आन्तरीक लेखा परिक्षकले दिएका सुझाव समेतलाई समय सापेक्षिक रुपमा कार्यान्वयन गराउँदै आएको छ।

## लगानी समिति

यस कम्पनीमा बीमा समितिको लगानी सम्वन्धि निर्देशिकाको परिधिभित्र रही अत्याधिक प्रतिफल आर्जन हुने क्षेत्रमा लगानी गर्ने नीति अनुरुप जीवन बीमा कोषको लगानी गर्न चार सदस्यीय लगानी समिति गठन गरेको छ। यस समितिमा संचालक समितिका सदस्य एक जना, संचालक समितिका सल्लाहकार दुई जना र कम्पनीका प्रमुख कार्यकरी अधिकृत रहने व्यवस्था छ। यस समितिले आधुनिक लगानी नीति अनुरुप जीवन बीमा कोषको लगानी गर्दछ।

## कार्यकारी समिति

यस कम्पनीले प्रमुख कार्यकारी अधिकृत अध्यक्ष रहनेगरी एक कार्यकारी समिति गठन गरेको छ। यस समितिको सदस्यहरुमा महाप्रवन्धक, प्रशासन प्रमुख, बजार व्यवस्थापन प्रमुख, संस्थागत व्यवसाय प्रमुख, अण्डर राईटिङ्ग प्रमुख, वित्त प्रमुख र आई.टी. प्रमुख रहेका छन्। यस समितिले कम्पनीको दैनिक कारोवार मा प्रभावकारी भुमिका खेल्ने र ग्राहकहरुलाई उच्च स्तरीय सेवा प्रदान गर्ने नीति अवलम्वन गरेको छ।

## जोखिम व्यवस्थापन समिति

यस कम्पनीले आफ्नो कारोवारमा हुन सक्ने कुनै पनि जोखिमको उचित व्यवस्थापन तथा न्यूनीकरण गर्न जोखिम व्यवस्थापन तथा न्यूनीकरण समिति गठन गरेको छ। यसको अध्यक्षमा प्रमुख कार्यकारी अधिकृत र सदस्यहरुमा महाप्रवन्धक, वित्त प्रमुख, आई.टी. प्रमुख र अण्डर राइटिङ्ग प्रमुख रहने व्यवस्था छ। यस समितिले कम्पनीको कारोवारमा आउनसक्ने कुनै पनि जोखिमलाई न्यूनिकरण गरी कम्पनीलाई जोखिम मुक्त पार्ने काम गर्दछ।

## एस.एम.एस. सेवा

कम्पनीले आफ्ना अमुल्य ग्राहकहरुलाई जीवन बीमा सम्बन्धी जानकारी दिने उद्देश्यले मोवाइल एस.एम.एस. सेवा सुरु गरेको छ। यस सेवा मार्फत बीमा शुल्क भुक्तानी मितिभन्दा एक हप्ता पहिला बीमा शुल्क भुक्तानी सम्बन्धमा आवश्यक जानकारी प्रदान गरिने हुँदा बीमितहरुलाई समयमै बीमा शुल्क तिरी बीमालेख चालू राख्न सहयोग मिल्दछ।

## कम्प्युटर प्रविधि

यस कम्पनीले जीवन बीमा सम्वन्धि छिटो, छरितो र आधुनिक स्तरको जीवन बीमा सेवा प्रदान गर्ने उद्देश्यले अन्तराष्ट्रिय स्तरको "सोहम लाईफ कम्प्युटर सफ्टवेयर" बाट सेवा प्रदान गरिरहेको छ। यसको केन्द्रिय सूचना प्राविधिबाट देशभरीका कुनै पनि शाखा कार्यालयबाट जारी गरेका बीमा लेखहरुको विवरण तथा शाखा कार्यालयको दैनिक काम कारवाही केन्द्रिय स्तरबाट नियन्त्रण तथा अवलोकन गर्न सहज भई रहेको छ।

## पुनर्वीमा

जीवन बीमा व्यवसाय जोखिम युक्त भएकोले नियमनकारी निकायको निर्देशन बमोजिम कम्पनीले धारण गर्ने जीवन बीमाको कानूनी दायित्व निर्धारण गरी स्वयं बहन गर्ने र अन्य दायित्व पुनर्बीमा गरी जोखिम न्यूनिकरण गर्न विश्वका पूनर्बीमा कम्पनीहरु मध्येको ५ औं स्थानमा रहेको तथा ६.९ अरव अमेरिकी डलर सम्पत्ती भएको फ्रान्सको स्कोर ग्लोवल लाइफ रीसँग पूनर्बीमा सम्झौता भएको छ र सोही अनुसार आफूले धारण गरी बढी भएको दायित्वको पुनर्वीमा गरिरहेको छ।

# व्यवस्थापन समूह



**रेस्टा झा**
प्रमुख कार्यकारी अधिकृत

**केशव राज के.सी.**
महाप्रबन्धक

**ज्यास्मिन हाडा बज्राचार्य**
प्रमुख, कर्पोरेट तथा वैदेशिक रोजगार

**मन्दिल अधिकारी**
प्रमुख, सुचनाप्रविधि



**दिप बहादुर बि.सी.**
प्रमुख, वित्त

**केशव प्रसाद अधिकारी**
प्रमुख, प्रशासन र मावन संशाधान

**केशव प्रसाद लामिछाने**
प्रबन्धक, अण्डरराइटिङ्ग

**कमल बहादुर पाण्डे**
प्रमुख बजार प्रबन्धक

## प्राइम लाइफ इन्स्योरेन्स कं. लि.

# वासलात

| क्र.सं. | विवरण | आ.ब. २०६४/०६५ | आ.ब. २०६५/०६६ | आ.ब. २०६६/०६७ पौष मसान्त |
|---|---|---|---|---|
| | श्रोत | | | |
| १ | चुक्ता पूंजी | २५०,०००,००० | २५०,०००,००० | २५२,०००,००० |
| २ | जगेडा तथा कोष | ८३२,१७१ | ५६,७५१,६६५ | ६५,५८३,६६७ |
| ३ | जीवन बीमा कोष | - | ३८,५१८,८४९ | ७५,२४३,०४४ |
| ४ | महा विपत्ती जगेडा | - | - | - |
| ५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| | **कूल श्रोत** | २५०,८३२,१७१ | ३४५,२७०,५१४ | ३९२,८२६,७११ |
| | उपयोग | | | |
| ६ | स्थिर सम्पत्ती (खुद) | ६,९९९,९६१ | १७,८४४,२४६ | १८,१९४,३४८ |
| ७ | दीर्घकालिन लगानी | - | २,६६९,००० | २५६,१६९,००० |
| ८ | बीमालेखको धितोमा कर्जा | - | - | - |
| ९ | अन्य दीर्घकालिन कर्जा | - | ९५,७८५ | ९२,९३४ |
| | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु: | | | |
| १० | नगद तथा बैंक मौज्दात | ७,३२३,५५८ | ६,२२७,२४० | ३,२४९,५५१ |
| ११ | अल्पकालिन लगानी | २३६,११२,३४४ | ४०३,६२८,०८२ | २२३,३०१,३५८ |
| १२ | अन्य अल्पकालिन कर्जा | - | १०६,८६८ | ११६,३७७ |
| १३ | अन्य सम्पत्ती | २,९६५,८०९ | १६,०५३,४५२ | ३४,५६०,६७३ |
| | जम्मा (क) (१०+११+१२+१३) | २४६,४०१,७११ | ४२६,०१५,६४२ | २६१,२२७,९५९ |
| | चालु दायित्व तथा व्यवस्थाहरु: | | | |
| १४ | चालु दायित्व | २,५२८,९९७ | ४८,०५७,०१२ | ६२,१७२,६९१ |
| १५ | असमाप्त जोखिम वापत व्यवस्था | ४०,५०४ | ४२,२३५,२५० | ७८,६१९,३५७ |
| १६ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | - | ५,४५१,००० | १,०३८,४५० |
| १७ | अन्य व्यवस्था | - | ५,६१०,८९७ | १,०२७,०३३ |
| | जम्मा (ख) (१४+१५+१६+१७) | २,५६९,५०१ | १०१,३५४,१५९ | १४२,८५७,५३१ |
| १८ | खूद चालु सम्पत्ती (ग) (क) (ख) | २४३,८३२,२१० | ३२४,६६१,४८३ | ११८,३७०,४२८ |
| १९ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु | - | - | - |
| २० | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - | - | - |
| | **कुल उपयोग** (६+७+८+९+१८+१९+२०) | २५०,८३२,१७१ | ३४५,२७०,५१४ | ३९२,८२६,७११ |

प्राइम लाइफ इन्स्योरेन्स कं. लि.

# नाफा नोक्सान हिसाब

| क्र.सं. | विवरण | आ.ब. २०६४/०६५ | आ.ब. २०६५/०६६ | आ.ब. २०६६/०६७ पौष मसान्त |
|---|---|---|---|---|
| | आम्दानी | | | |
| १ | आय व्यय हिसाबबाट सारेको | (१,२४८,४३३) | ४८,५३०,२२७ | - |
| २ | जीवन बीमा कोषबाट सारेको | - | - | - |
| ३ | लगानी कर्जा तथा अन्यबाट आय | १,९२५,३१५ | १५,१०७,११५ | ११,८८७,२१२ |
| ४ | व्यवस्था फिर्ता | - | - | - |
| ५ | अन्य आम्दानी | २,१३०,७६७ | - | ४२७,०५५ |
| | डिफर ट्याक्स (Deferred Tax Assets Less Liabilities) | ८८,०५४ | १,२४८,८५५ | - |
| | **जम्मा आम्दानी (क)** | २,८९५,७०३ | ६४,८८६,१९७ | १२,३१४,२६७ |
| | खर्च | | | |
| ६ | व्यवस्थापन खर्च | २६१,५१६ | ३,४९९,६३९ | २,५९९,०६५ |
| ७ | अपलेखन खर्च | १,८०२,०१६ | - | - |
| ८ | अन्य खर्चहरु | - | - | - |
| ९ | नोक्सानीको लागि व्यवस्था | - | - | - |
| १० | कर्मचारी आवास व्यवस्था | - | - | - |
| ११ | कर्मचारी बोनस व्यवस्था | - | ५,४६७,०६४ | ८८३,२०० |
| १२ | आयकर | - | - | - |
| १३ | जीवन बीमा कोषमा सारेको | - | - | - |
| | **जम्मा खर्च (ख)** | २,०६३,५३२ | ८,९६६,७०३ | ३,४८२,२६५ |
| १४ | खुद नाफा/(नोक्सान) (ग) . (क) - (ख) | ८३२,१७१ | ५५,९१९,४९४ | ८,८३२,००२ |
| १५ | अघिल्लो वर्षसंग सम्बन्धित खर्च | - | - | |
| १६ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | - | ८३२,१७१ | ५६,७५१,६६५ |
| | **बाँडफाँडको लागि उपलब्ध रकम** | ८३२,१७१ | ५६,७५१,६६५ | ६५,५८३,६६७ |
| १७ | क) पूंजीगत जगेडा | - | - | - |
| | ख) विशेष जगेडा | - | - | - |
| | ग) अन्य जगेडा (विवरण खुलाउने) | - | - | - |
| | ३) प्रस्तावित लाभांश | - | - | - |
| | ङ) महाविपत्ती जगेडा | - | - | - |
| १८ | **वासलातमा सारेको नाफा/(नोक्सान)** | ८३२,१७१ | ५६,७५१,६६५ | ६५,५८३,६६७ |

प्राइम लाइफ इन्स्योरेन्स कं. लि.

# प्रमुख सुचाङ्कहरू

| क्र.सं. | विवरण | सूचकांक | आ.ब. २०६४/०६५ | आ.ब. २०६५/०६६ | आ.ब. २०६६/०६७ पौष मसान्त |
|---|---|---|---|---|---|
| १ | नेट वर्थ | रु. | २५०,८३२,१७१ | ३०६,७५१,६६५ | ३१७,५८३,६६७ |
| २ | शेयर संख्या | संख्या | २,५००,००० | २,५००,००० | २,५२०,००० |
| ३ | प्रति शेयर कितावी मूल्य | रु. | १००.३३ | १२२.७० | - |
| ४ | खुद नाफा | रु. | ८३२,१७१ | ५५,९१९,४९४ | ८८,३२,००२ |
| ५ | प्रति शेयर आय | रु. | ०.३३ | २२.३७ | - |
| ६ | प्रथम बर्षको बीमाशुल्क | रु. | १,५१५,८४३ | २७९,१५८,२९३ | १५९,१८३,६१३ |
| ७ | कुल बीमाशुल्क | रु. | १,५१५,८४३ | २७९,५३४,६२६ | १६९,०२६,५३५ |
| ८ | खुद बीमाशुल्क/कुल बीमाशुल्क | प्रतिशत | ९७.२६ | ७४.८२ | ७५.७२ |
| ९ | खुद नाफा/कुल बीमाशुल्क | प्रतिशत | ५४.९० | २० | ५.२३ |
| १० | कुल बीमाशुल्क/कुल सम्पत्ति | प्रतिशत | ०.६० | ६२.५९ | ३१.५५ |
| ११ | लगानी र कर्जाबाट आय/कुल लगानी र कर्जा | प्रतिशत | ०.८२ | ६.२३ | ७.९१ |
| १२ | कुल लगानी र कर्जा/जीवन बीमाकोष | प्रतिशत | - | १,०५५.३३ | ६३७.५१ |
| १३ | पुनर्बीमा कमिशन आय/कुल पुनर्बीमा शुल्क | प्रतिशत | - | ०.२७ | - |
| १४ | व्यवस्थापन खर्च/कुल बीमा शुल्क | प्रतिशत | १७२.५२ | १२.५२ | १५.३८ |
| १५ | बीमा अभिकर्ता सम्बन्धि खर्च/कुल बीमा शुल्क | प्रतिशत | ३९.३२ | १२.२० | १२.१८ |
| १६ | बीमा अभिकर्ता संख्या | संख्या | ३९५ | २,९०६ | ४,८४७ |
| १७ | कर्मचारी संख्या | संख्या | २० | ७६ | १०५ |
| १८ | कार्यालयको संख्या | संख्या | १ | १९ | ४१ |
| १९ | कर्मचारी खर्च/व्यवस्थापन खर्च | प्रतिशत | ४९.११ | ३६.०३ | ३५.८३ |
| २० | कर्मचारी खर्च/कर्मचारी संख्या | रु. | ६४,२१८.८० | १६५,८९६.१६ | ८८,६९६ |
| २१ | भुक्तानी हुन बाँकी/भुक्तानी भएको दावी रकम | प्रतिशत | - | ५२.९१ | ५९.५६ |
| २२ | कुल कायम रहेको बीमालेखको संख्या | संख्यामा | ३०८ | १०९,८३५ | १६८,७४१ |

# संचालक समूह



**श्री राजेन्द्र कुमार खेतान**
अध्यक्ष



**श्री चन्द्र प्रकाश खेतान**
संचालक



**श्री रतनलाल संघई**
संचालक



**श्री गोपीकृष्ण सिकारिया**
संचालक



**श्री सुमन जोशी**
संचालक



**श्री मधुसुदन अग्रवाल**
सल्लाहकार



**श्री प्रेम प्रकाश खेतान**
सल्लाहकार

www.primelifenepal.com




प्राइम लाइफ इन्स्योरेन्स

सुरक्षित भविष्य

हातीसार, काठमाण्डौं, नेपाल
फोन:+९७७-१-४४४१७७८/४४४१६६४/४४४१४१४,
फ्याक्स:+९७७-१-४४४१४३६ : info@primelifenepal.com
टोल फ्रि नं:१६६०-०१-४४४५५